परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

वर्ष १२ | अंक ८ | २०८० भाद्र २४ गते आईतवार | Sunday 10, SEP 2023 | पृष्ठ: ६, | मूल्य रु. १०/-

## नगर प्रमुख अवासीय योजना अन्तर्गत विपन्नले सुविधा सम्पन्न घर पाएपछि खुशी



दुहवी नगरपालिकाले नगर प्रमुख आवास योजना अन्तर्ग विपन्नको लागि वनाइएको सुविधा सम्पन्न आवासीय घरहरु ।

विराटनगर । सुनसरीको दुहवी नगरपालिकाका विपन्न वर्गले सुविधा सम्पन्न घर पाएपछि खुशी भएका छन् ।

दुहवी नगरपालिकाले नगर प्रमुख आवास योजना अन्तर्ग वनाइएको आवासीय घरहरुको प्रमाणपत्र निस्सा विपन्न वर्गको हातमा परेपछि खुशी भएका हुन् । दुहवी नगर प्रमुखले ८० जनालाई सुविाध सम्पन्न घर सोमवार वितरण गरेपछि अति विपन्न वर्गका मानिसहरु खु:शी भएका छन् ।

दुहवी नगरपालिकाले नेपालको संविधानको धारा ३७ प्रत्याभुत गरेको आवास अधिकार सम्बन्धी मौलिक हक प्रदान गरी आवास विहिनताको अन्त्य गर्ने उद्देश्यले नगरपालिकाले सुविाध सम्पन्न घर हस्तारण गरेका हुन् ।

दुहवी नगरपालिका-११ तनबुना वस्तीमा रहेका अति विपन्न, दलित, सिमान्तकृत अल्पसंख्य, मुसहर, आदिवासी /जनजाती लगयतका परिवारले घर पाएका छन् । अति विपन्नहरुको पहिचान गरेर नगर प्रमुख आवास योजना अन्तर्गत वनाईएका आवासीय घरहरु हस्तान्तरण गरेको नगर प्रमुख वेदकुमार गच्छदारले जानकारी दिएका थिए ।

दुई विघा क्षेत्रफलमा निर्माण गरिएको नगर प्रमुख आवास योजनाको आवासीय घरहरु सुविधा सम्पन्न छ । घरमा धारा, विजुली जड्ान गरिएको छ भने पानी निकासाको लाग नालाको समेत निर्माण गरिएको छ । दुहवी नगरपालिकाले १ सय २० घर निर्माण गर्ने लक्ष्य लिएको नगर प्रमुखले वताए ।

नगरपालिकाले २०७५ मंसिर १९ गतेदेखि योजना अगाडी सारेको थियो । तर बिचमा विभिन्न कारणले काम सम्पन्न हुन सेकेको थिएन् । बल नगरपालिकाका समाजसेवीहरुको सहयोगले अहिले आवास निर्माणको कामले मुर्तरुप लिएको छ । नगर प्रमुख आवास योजनाको आवासीय घर निर्माण गर्न करुणा फाउण्डेशनले ५० लाख रुपैयाँ सहयोग गरेको प्रमुख प्रशासकीय अधिकृत राजकुमार केसीले जानकारी गराए ।

नगरपालिका र करुणा फाउण्डेशनको सहकार्यमा निर्माण गरिएको सुविधा सम्पन्न भवन निर्माण गर्न र जग्गा खरिद गर्न ६ करोड ६६ लाख, खर्चभएको केसीले वताए । स्थानीय अति विपन्न, दलित, सिमान्तकृत अल्पसंख्य लगायतका परिवारहरुले सुविधा सम्पन्न भवन पाएपछि स्थानीय सरकारलाई धन्यवाद दिएका छन् ।

नगर प्रमुख आवास योजना अन्तर्गत बाँकी रहेको ४० वटा आवासीय घर निर्माण गर्न यसै आर्थिक वर्षदेखि काम सुरु गर्ने नगरपालिकाले तयारी थालेको छ । नगर प्रमुख आवास योजनाको आवासी निर्माण कार्य २०७६ फलगुन १५ गते शिलान्यास गेरेको थियो ।

## रथयात्रको क्रममा ३७ भारतीय र १९ नेपाली पक्राउ

विराटनगर । विराटनगरको राधाकृष्ण मन्दिरवाट निकालिएको ५५ औं संसकरणको रथयात्राको क्रममा शंकास्पद गतिविधीमा संलग्न ३७ जना भारतीय र १९ जना नेपालीलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले विहीवार नियन्त्रणमा लिएको थियो ।

शंकास्पद गतिविधीमा संलग्न मध्ये ४६ जना पुरुष र १० जना महिला रहको थियो ।

अनुसन्धान पश्चात ५१ जनालाई परिवारको जिम्मा लगाएको छ ।

मोवाईल चोरी गर्दे गरेको अवस्थामा पक्राउ परेका र महिलाहरुको ब्याग तथा पकेटमा हात हाल्दै गरेको अवस्थामा पक्राउ परको ५ जना माथि थप अनुसन्धान भई रहको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ

## ब्राउन सुगर जस्तो देखिन पदार्थ सहित चार पक्राउ

विराटनगर । अवैध लागू औषध ब्राउन सुगर जस्तो देखिने पदार्थ सहित चार जनालाई प्रहरीले पक्राउ गरका छन् ।

पक्राउ पर्नेमा जिल्ला सुनसरी ईटहरी उप-महानगरपालिका वडा



नं.- १९ तरहरा घर भई जिल्ला मोरङ उर्लाबारी नगरपालिका वडा न. ३ मङ्गलबारे बस्ने बर्ष २४ को जीबन बिश्वकर्मा, पथरी शनिश्चरे नगरपालिका वडा नं.-१ बस्ने बर्ष ४० को सन्जय सहनी, बर्ष २९ को मिथुन मण्डल बर्ष २५ को राम कुमार सहनी रहेका छन् ।

घटनाको विवरण अनुसार जिल्ला मोरङ उर्लाबारी नगरपालिका वडा न. ३ मङ्गलबारे स्थित सोही ठाँउ डेरा गरी बस्ने जीवन बिश्वकर्माको घरमा केही मानिसहरु भेला जम्मा भई प्रतिबन्धित लागु औषध खैरो हेरोईन (ब्राउन सुगर) को खरीद बिक्री गरी रहेको सूचना पाएपछि खानतलासी गरेका थिए ।

सुचना प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय

वांकी अन्तिम पेजमा...

## नेकपा एमाले मोरंगको दशऔं महाधिविशन पुसमा

विराटनगर, भाद्र २२ गते । नेकपा (एमाले) मोरङको १० औं अधिवेशन आगामी पुस २७ र २८ गते हुने भएको छ । शुक्रबार बसेको जिल्ला कमिटीको आठौं पूर्ण बैठकले सो मितिमा अधिवेशन गर्ने निर्णय गरेको हो ।

यसअघि ९ औं जिल्ला अधिवेशन २०७८ साल पुस २३ र २४ गते विराटनगरमा सम्पन्न भएको थियो । पार्टी केन्द्रको निर्णय बमोजिम मोरङ जिल्ला कमिटीको १० औं अधिवेशन हुन लागेको छ ।

अधिवेशनका सन्दर्भमा थप निर्णयहरु पछि हुने नेकपा (एमाले) मोरङका अध्यक्ष ऋषिकेश पोखरेलले जानकारी दिए । उनले जिल्ला अधिवेशनपछि १७ वटै पालिका कमिटीको अधिवेशन हुने बताए ।

बैठकले विराटनगरमा हुन लागेको कोशी प्रदेश कमिटीको प्रथम अधिवेशन भव्यरुपमा सम्पन्न गर्न सम्पूर्ण पार्टी पंक्ति परिचालन गर्ने निर्णय समेत गरेको छ । अन्तर कमिटी निर्देशन बमोजिम आगामी असोज १२ र १३ गते हुने नेकपा (एमाले) कोशी प्रदेश कमिटीको प्रथम अधिवेशनका लागि प्रतिनिधि छनौट गर्न जिल्ला कमिटी उपाध्यक्ष बाबुराम कार्कीको संयोजकत्वमा प्रदेश प्रतिनिधि संयोजन र व्यवस्थापन समिति गठन भएको छ । उक्त समितिले जिल्लाभरीबाट प्रतिनिधि छनौटका लागि समन्वय र सहजीकरण गर्ने अध्यक्ष पोखरेलले बताए ।

पोखरेलका अनुसार कोशी प्रदेश कमिटीको अधिवेशनका लागि मोरङबाट १७८ जना प्रतिनिधि छनौट हुनेछन् । जसमा १०० पार्टी सदस्य बराबर एक जना प्रतिनिधि चयन हुनेछन् । प्रतिनिधि छनौट गर्दा ३३ प्रतिशत महिलाको अनिवार्य सहभागीता हुनुपर्नेछ । युवाहरुको सहभागीलाई पनि जोड दिइएको छ । मजदुर निर्वाचन क्षेत्रबाट प्रतिनिधि चयन हुनेछन् । दलित समुदायको प्रतिनिधित्वका लागि प्रतिनिधि छनौट गर्न मुक्ति समाज जिल्ला कमिटी पदाधिकारीलाई सहजीकरण गर्ने जिम्मेवारी प्रदान गरिएको बताइएको छ ।

बैठकले बैचारिक, सांगठनीक तथा राजनीतिक कार्ययोजनासमेत निर्माण गरेर एमाले मोरङ अधिवेशनमा होमिएको अध्यक्ष पोखरेलले बताए ।

नेकपा (एमाले) मोरङका इन्चार्ज तथा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीको

वांकी अन्तिम पेजमा...



## विराटनगरको...

थपिएको छ । यसअघि मन्दिर परिसर देखि मेनरोड, ट्राफिक चौक, महेन्द्रचौक, वरगाछि हुँदै मन्दिरको दुरी ७ किलोमिटर थियो । ५४ औं संस्करणको रथयात्रा देखि ९ किलोमिटर पुगेको छ ।

विराटनगर महेन्द्रचौकमा सडक खण्डलाई सौन्दर्यकरण सुरु गरिएपछि रथयात्राको दुरी बढेको हो । अव सो सडक खण्ड हुँदै रथ वारपार गर्ने अवस्था छैन । जसका कारण २ किलोमिटर थपिएको छ । पहिले ट्राफिक चौक देखि पश्चिम घुमेर महेन्द्र चौक जान्थ्यो भने ५४ संस्करण देखि ट्राफिक चौक देखि सिधै रोडशेष चौक पुगरे उत्तर घुम्ने गरिन्छ ।

## नेकपा ऐमाले...

भनेका थिए । तर, त्यसतर्फ भने उनले कुनै पहल गरेनन् ।

कार्कीको आव्हानलाई स्वागत गर्ने काँग्रेस संसदीय दलका नेता थापाले मुख्यमन्त्रीलाई विश्वासको मत दिनुअगाडि प्रदेशसभा बोल्दै भने, 'उहाँले यो विषयमा कुनै पहल गर्नुभएन, मेरो पार्टीभित्र मलाई अप्ठ्यारो मात्रै भयो ।' कार्की मुख्यमन्त्री नियुक्त भएपछि पुनः सर्वदलीय सरकारको आव्हान गर्नेछन् । तर, त्यो कामयावी देखिने सम्भावना कमजोर छ ।

काँग्रेस नेतृत्वको गठबन्धनको बहुमत हुँदाहुँदै उपसभामुख बिरामीको बाहनामा अनुपस्थित गराएर वा जेष्ठ सांसदहरुलाई घरासयी समस्या देखाउँदै विदामा बसाएर अप्ठ्यारोमा पारेका कार्कीले पनि सोही खालको अप्ठ्यारो झेल्नुपर्ने देखिन्छ । हाम्रोमतबाट सभार

## ब्राउन...

उर्लाबारीबाट खटिएको प्रहरी टोलीले जिवन बिश्वकर्माको डेराकोठा खानतलासी गर्ने क्रममा सुत्ने खाटको सिरानीमुनी कागजमा बेरिएर राखिएको १४ थान (पुरिया) ३९० मिलिग्राम लागु औषध खैरो हेरोईनजस्तो देखिने खैरो पदार्थ (ब्राउन सुगर) फेला परेको थियो ।

उक्त खैरो हेरोईन (ब्राउन सुगर) को खरीद बिक्रीमा संलग्न चारै जना माथि थप अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

## नेकपा...

प्रमुख आतिथ्यतामा सम्पन्न बैठकमा केन्द्रीय सदस्य विनोद ढकाल, युवराज बास्कोटा, रामलाल साह, जिवन घिमिरे, प्रदेश कमिटी अध्यक्ष तुलसीप्रसाद न्यौपाने लागायतको उपस्थिती रहेको थियो ।

NO SMOKING

# सहकारीद्धारा जेष्ठ सहित चार विद्यार्थी सम्मानित

विराटनगर, भाद्र २३ गते । सहमती बचत तथा ऋण सहकारी संस्था लिमिटेडले ११ औं साधारण सभाको अवसर पारेर एक जेष्ठ नागरिक सहित एसईइमा उच्चतम अंक ल्याउने चार जना उत्कृष्ठ विद्यार्थीहरुलाई सम्मानित गरेका छन् ।




विराटनगर महानगरपालिका वडा नं. ८ प्रगति विनायक टोलमा रहेको सहकारी संस्थाले ११ औ साधारण सभाका प्रमुख अतिथी कोशी प्रदेश सभा सदस्य माननीय खडग बहादुर बस्नेत र संस्थाका अध्यक्ष राजेन्द्र कुमार थापाले संयुक्त रुपमा सम्मान प्रदान गरको हो ।

सम्मानित हुने जेष्ठ नागरिक हरिप्रसाद थपलियालाई दोसल्ला, प्रमाण पत्र र नगद १ हजार ५ सय ५ रुपियाँले सम्मानित गरेका हो । त्यसैगरी सहमती बचत तथा ऋण सहकारी संस्था लिमिटेडका शेयर सदस्यका सन्तती मध्ये २०७९ सालको एसईईमा उत्कृष्ठ अंक ल्याउने जियान्शु साहलाई सम्मान पत्र र नगद १ हजार ५ सय ५ र सुदीप कुमार चौधरी, सुष्मा कुमारी साह, र श्रवण रायलाई प्रसंशापत्रले सम्मानित गरिएको थियो । त्यसैगरी एक जना उत्कृष्ठ वचत कर्ता र एक जना उत्कृष्ट ऋणीलाई समेत नगद सहित सम्मानित गरिएको थियो ।

साधारण सभालाई सम्वोधन गर्दै प्रमुख अतिथी माननीय बस्नेतले भने सहकारी संस्था प्रति अहिले जनविश्वास घट्दै गई रहको र मुलूकको आर्थिक खस्कीएको अवस्थामा पनि सहमती सहकारीले आफ्ना सदस्यहरुलाई मुनाफा वितरण गरेकोमा संस्थालाई धन्यवाद दिदै अगामी दिनमा पनि सहकारीलाई अझ सदृढ गर्दै लैजान सुझाव दिए ।

त्यसैगरी विशिष्ट अतिथी विराटनगर महानगरपालका वडा नं. ८ का वडा अध्यक्ष राम पोखरेले सहकारी संस्थाको सदस्य आफ्नै टोल छिमेकका भएकोले सदस्यहरुको वचत रकमको वढीभन्दा वढी प्रतिफल दिएर सदस्यहरुको जीवन उकास्न सामूहिक उत्पादन क्षेत्रमा लगानी गर्नु पर्ने भन्दै साधारण सभाको सफलताको कामना गरका थिए ।

सहकारीको हाल सम्मको सदस्य संख्या २ सय ५० मा महिला १ सय ३० पुरुष १ सय १८ र अन्य २ रहेका छन् । २५ लाख १२ हजार ४ सय चुक्ता शेयर पुँजी रहेको छ । बन्दसत्रमा सहकारीका अध्यक्ष राजेन्द्र कुमार थापाले प्रस्तुत गरको प्रतिवेदनहरुलाई सर्वसम्मतीले पारीत गरी साधारण सभा सम्पन्न भएको थियो ।






## दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ जण्डिसजस्ता रोग लाग्न सक्छ ।

त्यसैले,

- खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
- पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड








परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# परमादेशको मख्यमन्त्री

कोशी प्रदेशमा दोस्रो प्रदेश सभा चुनावमा नेकपा एमाले ठूलो रुपमा देखिएको छ। सोही अधारमा नेकपा माओवादी, राप्रपा र जनता समाजवादीको समर्थमा २०७९ साल पुस २४ गते पहिलो पटक मुख्यमन्त्री नियुक्त भएका नेकपा एमाले पार्टीको संसदीय दलका नेता हिक्मत कुमार कार्की मुख्यमन्त्री नियुक्त भएको थियो। कार्कीको सरकारवाट जसपा र माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि कार्कीको सरकार अल्प मतमा परेका थिए। मुख्यमन्त्री कार्कीले विश्वासको पाउन विफल भएपछि असार १५ गते पदमुक्त भएका थिए। त्यसपछि कांग्रेस संसदीय दलका नेता उद्धव थापा माओवादी केन्द्र र जसपाको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए।

उद्धव थापाको नियुक्त संविधान सम्वत नभएको भन्दै कार्कीले सर्वोच्चमा रिट दायर गरेपछि पुनः प्रक्रया मिलाएर बहुमत पुऱ्याएर मुख्यमन्त्री वनाउन आदेश दिएपछि सभामुखलाई राजीनामा गराएर उद्धव थापाले ४७ मत पुऱ्याएर मुख्यमन्त्री बने तर फेरी विश्वासको मत लिदा सभामुखले मतदान गरेको विषयलाई लिएर पुनः सर्वोच्चमा रिट दायर गरेकोकोमा सर्वोच्च अदालतले बिहीबार कोशी सरकारका मुख्यमन्त्री उद्धव थापाले भदौ ४ मा लिएको विश्वासको मत बदर गर्दै उनको नियुक्ति पनि बदर गरेको थियो। अदालतले संविधानको धारा १६८ को उपधारा ३ अनुसार प्रदेशसभाको सबैभन्दा ठूलो दलको सरकार ४८ घन्टाभित्र बनाउन परमादेश दिएको थियो। सोही परमादेश अनुसार कार्की नियुक्त भएका हुन्।

एकले अर्कोलाई विश्वास नगर्दा र एकले अर्कोका अस्तित्व स्वीकार नगर्दा कोशी प्रदेशमा सरकार गठन असम्भव भएको छ। नेकपा ऐमाले र राप्रपा गरी ४६ सांसद छन् भने कांगेस र माओवादी केन्द्रको ४६ सांसद छन् र १ सांसद जनता समाजवादी पार्टीको रहको छ। त्यसैले कोशी प्रदेशमा ५ वर्ष सम्म सरकार चलाउन ठूला दलहरु नै मिल्नु पर्छ साना दलहरुलाई मिलाउँदा मिलाउँदै समय काट्नु भन्दा ठूला दलहरु मिलेर कोशी प्रदेशको विकास निर्माण र जनता संग जोडिएको काम गरेर प्रदेशलाई समृद्ध वनाउन आवश्यक छ।

## साप्ताहिक राशिफल

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : **दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन** (**क,कि,कु,घ,ङ,छ,के,को**,ह) : युवा वर्गका लागिि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट** (**हि,हु,हे,हो,डा,डि,डु,डे,डो**) : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह** (**मा,मि,मु,मे,मो,टा,टि,टु,टे**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या** (**टो,प,पी,पू,ष,ण,ठ,पे,पो**) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला** (**रा, री, रु, रे, रो, ता, ती, तु, ते**) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक** (**तो,ना,नि,नू,ने,नो,या,यि,यू**) : **बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु** (**यो,भा,भी,भू,ध,फा,ढ,भे**) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर** (**भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी**) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (**गु,गे,गो,सा,सी,सु,से,सो,द**) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन** (**दी,दु,थ,झ,ञ,दे,दो,च,ची**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

# विश्वप्रसिद्ध हिन्दु धार्मिक ग्रन्थ महाभारतको सारसंक्षेप

**नारायण गिरी**

हामी सबैले बाल्यकालदेखि नै महाभारतको कुनै न कुनै कथा वा पात्रहरूको बारेमा पढेको वा सुनेको हुनुपर्दछ। यस पुस्तकको महानता र विशालताको अनुमान महाभारतको पहिलो पर्वमा उल्लेख गरिएको एउटा श्लोकबाट गर्न सकिन्छ। महाभारतमा जे छ, त्यो संसारमा कतै न कतै पक्कै पाइनेछ र जे यहाँ छैन, त्यो संसारमा कतै पनि पाइनेछैन।

महाभारत प्राचीन समयको सबैभन्दा ठूलो महाकाव्य हो र यसलाई हिन्दूहरूको सबैभन्दा पवित्र धार्मिक ग्रन्थहरू मध्ये एक मान्ने गरिएको पाइन्छ। यसमा त्यस समयको इतिहास करिब १,२५,००० श्लोकमा लेखिएको छ। महाभारतमा तत्कालीन समयमालाई आधार बनाएर दर्शन, राजनीति, कला, संस्कृति, धर्म, युद्ध, षड्यन्त्र, कुटनीति, विदेशनीति, अर्थनीति, सामाजशास्त्र जस्ता सबै क्षेत्रको रोचक ढंगले उल्लेख गरिएको पाइन्छ। यसमा युद्धकलाको त अनुपम विस्तृतीकरण देखिन्छ। त्यसकारण यहाँ महाभारतको सम्पूर्ण कथालाई संक्षीप्त रूपमा उल्लेख गर्ने कोशिस गरिएको छ। यसले सम्पूर्ण महाभारत अध्ययन गर्न नसक्ने पाठकहरू र अध्ययनकर्मीहरूको लागि एक महत्त्वपूर्ण सामग्रीको काम गर्नेछ।

चन्द्रवंशदेखि कुरूवंशसम्मको उत्पत्ति

पुराणहरूका अनुसार ब्रह्माबाट अत्रि, अत्रिबाट चन्द्रमा, चन्द्रमाबाट बुध र बुधबाट इलानन्दन पुरुरवाको जन्म भएको थियो। पुरुरवाबाट आयु, आयुबाट राजा नहुष र नहुषबाट ययातिको जन्म भएको थियो। ययातिबाट पुरुको जन्म भयो। पुरुको वंशमा भरत र भरतको कुलमा कुरु राजा थिए। कुरु वंशमा शान्तनुको जन्म भएको थियो। शान्तनुबाट गंगापुत्र भीष्मको जन्म भएको थियो। उनका अरु दुई चित्रांगद र विचित्रवीर्य नामका भाइहरू थिए। शन्तनु र सत्यवतीको पुत्रको रूपमा उनको जन्म भएको थियो। शन्तनु स्वर्गमा गएपछि भीष्म अविवाहित रहने प्रणसहित आफ्ना भाइ विचित्रवीर्यको राज्यलाई पालन गरे। बाल्यकालमा नै चित्रांगदको हत्या भएको थियो। समयक्रमसँगै भीष्मले युद्धमा विपक्षीलाई हराएर काशीराजका दुई छोरी अम्बिका र अम्बालिकालाई हरण गरेर ल्याए। उनीहरू दुवै विचित्रवीर्यकी पत्नी भए। केही समयपछि क्षयरोगको कारण राजा विचित्रवीर्यको मृत्यु भयो। त्यसपछि सत्यवतीको अनुमतिमा व्यासजीको नियोगद्वारा अम्बिकाको गर्भबाट राजा धृतराष्ट्र र अम्बालिकाको गर्भबाट पाण्डुको जन्म भयो। धृतराष्ट्रले गान्धारीको गर्भबाट सय छोराहरू जन्माए, जसमध्ये दुर्योधन जेठा थिए। पाण्डुका युधिष्ठर, भीम, अर्जुन, नकुल, सहदेव गरी पाँच छोराहरू थिए।

पाण्डुको राज्याभिषेक

धृतराष्ट्र जन्मदेखि नै अन्धो थिए, त्यसैले उनको स्थानमा पाण्डुलाई राजा बनाइयो, जसका कारण धृतराष्ट्रलाई आफ्नो अन्धोपनमा सधैं रिस उठ्यो र पाण्डुप्रति घृणा उत्पन्न हुन थाल्यो। पाण्डुले सम्पूर्ण भारतवर्षलाई जितेर कुरु राज्यको सिमाना यवनहरूको देशसम्म विस्तार गरे। एकपटक राजा पाण्डु आफ्ना दुई पत्नी कुन्ती र माद्रीसँग शिकार गर्न जंगल गएका थिए। त्यहाँ उनले मृगको संभोग गरिरहेको जोडी देखे। पाण्डुले तुरुन्तै आफ्नो बाणले त्यो मृगलाई घाइते बनाए। मर्दै गर्दा मृगरूप धारण गरेका निर्दोष ऋषिले पाण्डुलाई श्राप दिए, "राजन ! तिमी जस्तो निर्दयी मान्छे यो दुनियाँमा कोही हुनेछैन। तिमीले मलाई संभोगको समयमा बाण हान्यौं, त्यसैले जुनसुकै बेला तिमीले सम्भोग गर्छौ, तिम्रो मृत्यु हुनेछ।

यस श्रापबाट पाण्डु अत्यन्त दु:खी भए र आफ्नी रानीहरूलाई भने, "हे नारीहरू ! अब म आफ्ना सबै कामवासनाहरू छाडेर यो वन मै बस्नेछु, तिमीहरू हस्तिनापुर जाओ।" उनको कुरा सुनेर दुवै रानीले दु:खी भएर भने, "प्रभु ! हजुर बिना हामी एक पल पनि बाँच्न सक्दैनौं। कृपया हामीलाई पनि जंगलमा आफूसँगै राख्नुहोस्। पाण्डुले उनीहरूको अनुरोध स्वीकार गरे र तिनीहरूलाई उनीसँगै जंगलमा बस्ने अनुमति दिए। यसैबीच राजा पाण्डुले ऋषि-मुनिहरूलाई औंसीको दिन भगवान ब्रह्माको दर्शनको लागि जाँदैगरेको देखे। उनले ती ऋषि-मुनिहरूलाई आफूलाई पनि सँगै लैजान आग्रह गरे। उनको अनुरोधमा ऋषिहरूले भने, "राजन ! कुनै नि:सन्तान पुरुषले ब्रह्मलोकमा जान पाउने छैन, त्यसैले हामी तपाईंलाई साथमा लैजान असमर्थ छौं।" ऋषिहरूको कुरा सुनेर पाण्डुले आफ्नी पत्नीलाई भने, "हे कुन्ती ! मेरो जन्म नै व्यर्थ बन्दै गएको छ किनकि सन्तान नभएको व्यक्तिले पितृ ऋण, ऋषि ऋण, देव ऋण र मानव ऋणबाट मुक्त हुन सक्दैन, त्यसकारण के तिमी मलाई छोरा जन्माउनको लागि मद्दत गर्न सक्छ्यौं ?" कुन्तीले भनिन्, "हे आर्यपुत्र ! दुर्वासा ऋषिले मलाई यस्तो मन्त्र दिनुभएको छ, जसद्वारा म जुनसुकै देवताको आह्वान गरेर इच्छित वस्तु प्राप्त गर्न सक्छु। म कुन देवतालाई बोलाउँ - आज्ञा दिनुहोस्।" त्यसपछि पाण्डुले धर्मराजलाई आमन्त्रित गर्न आदेश दिए। धर्मराजले कुन्तीलाई पुत्र दिए, जसको नाम युधिष्ठिर राखियो। पछि पाण्डुले कुन्तीलाई वायुदेव र इन्द्रदेवलाई दुईपटक निम्तो दिन आदेश दिए। वायुदेवबाट भीम र इन्द्रबाट अर्जुनको जन्म भयो। त्यसपछि पाण्डुको आदेशले कुन्तीले माद्रीलाई त्यो मन्त्रको दीक्षा दिइन्। माद्रीले अश्वनीकुमारहरूलाई निम्तो दिइन् त्यसपछि नकुल र सहदेवको जन्म भयो। यसरी कुन्ती र माद्रीबाट पाण्डुका ५ जना छोराहरू भए। समयक्रमसँगै एक दिन राजा पाण्डु माद्रीसँग जंगलमा सरिता नदीको किनारमा घुमिरहेका थिए। वातावरण धेरै रमणीय थियो र चिसो, सुगन्धित हावा चलिरहेको थियो। एक्कासी हावाहुरीले माद्रीको लुगा उड्यो। जसका कारण पाण्डुको मन चंचल भयो र उनी मैथुन क्रियामा प्रवृत्त मात्र के भएका थिए ऋषिको श्रापको कारणले उनको मृत्यु भयो। माद्री उनीसँगै सती गइन् तर कुन्ती आफ्ना छोराहरूलाई हुर्काउन हस्तिनापुर फर्किन्। त्यहाँ बस्ने ऋषिहरूले पाण्डवहरूलाई दरबारमा छाडेर आए, ऋषि मुनि र कुन्तीको आदेशमा सबैले पाण्डवहरूलाई पाण्डुका छोरा मानेर स्वागत गरे।

कर्णको जन्म, लाहा-गृहको षड्यन्त्र तथा द्रौपदी-स्वयंवर

कुन्तीको विवाह नभएको बेला उनको गर्भबाट (सूर्यको अंशबाट) कर्णको जन्म भएको थियो। तर जनताको लज्जाको डरले कुन्तीले कर्णलाई एउटा बाकसमा थुनेर गंगा नदीमा बगाएकी थिइन्। बालक कर्ण गंगा नदीमा बगिरहेको बेला महाराज धृतराष्ट्रका सारथी अधिरथ र उनकी पत्नी राधाले उनलाई देखे र धर्मपुत्र ग्रहण गरी पालनपोषण गरे। सानैदेखि कर्णलाई आफ्ना पिता अधीरथले जस्तै रथ चलाउनु भन्दा युद्धकलामा बढी रुचि थियो। त्यसकारण कर्ण र उनका बुबा अधिरथले आचार्य द्रोणलाई भेटे, जो त्यतिबेला युद्ध कलाका उत्कृष्ट आचार्यहरू मध्ये एक थिए। द्रोणाचार्यले त्यसबेला कुरु राजकुमारहरूलाई शिक्षा दिने गर्दथे। उनले कर्णलाई शिक्षा दिन अस्वीकार गरे किनभने कर्ण सारथीका छोरा थिए र द्रोणले क्षत्रीयहरूलाई मात्र शिक्षा दिने गर्थे। द्रोणाचार्यको असहमति पछि कर्णले परशुरामसँग सम्पर्क गरे, जसले ब्राह्मणहरूलाई मात्र पढाउने गर्थे। आफूलाई ब्राह्मण भन्दै कर्णले परशुरामलाई शिक्षाको लागि अनुरोध गरे। परशुरामले कर्णको अनुरोध स्वीकार गरे र कर्णलाई आफ्नै जस्तै युद्ध र धनुर्विद्याको तालिम दिए। यसरी कर्ण परशुरामका धेरै मेहनती र निपुण शिष्य बने। कर्ण दुर्योधनको आश्रयमा बस्थे।

दैवयोग र शकुनीको विश्वास घातका कारण कौरव र पाण्डव हरूका बीचमा शत्रुताको आगो सल्कियो। दुर्योधन एकदमै खराब बुद्धि भएको मानिस थिए। बाल्यकालमा उनले शकुनीको आदेशमा पाण्डवहरूलाई धेरै पटक मार्ने प्रयास गरेका थिए। सदगुणमा आफूभन्दा श्रेष्ठ युधिष्ठिरलाई युवावस्थामा युवराज बनाएपछि शकुनीले पाण्डवहरूलाई लाहाले बनेको घरमा राखी आगो लगाएर उनीहरूलाई जलाइ मार्ने प्रयास गरे तर विदुरको सहयोगमा पाँच पाण्डव तिनीहरूको आमासहित जलिरहेको लाहाको घरबाट भागे। त्यहाँबाट एकचक्र नगरमा गएर उनीहरू ऋषिको भेषमा ब्राह्मणको घरमा बस्न थाले। त्यसपछि व्यासजीको आदेशमा बक नामक राक्षसलाई मारेर द्रौपदीको स्वयंवर हुन लागेको पञ्चाल-राज्यमा गए। पाञ्चाल-राज्यमा अर्जुनको लक्ष्य-भेदनको कौशलले मत्यस्य-भेद भएकोले द्रौपदीलाई लिएर उनीहरू कुटीमा गए। उनीहरूकी माताको अदृश्य रूपमा सबैले बाँडेर लिनु भन्ने विशेष बचनको कारण पाण्डवहरूले द्रौपदीलाई पत्नीरूपमा प्राप्त गरे।

इन्द्रप्रस्थको स्थापना

द्रौपदीको स्वयंवर अघि विदुर बाहेक सबै पाण्डवहरूलाई मृत्यु भएको ठानियो र यसै कारणले शकुनीले भनेपछि धृतराष्ट्रले दुर्योधनलाई युवराज बनाए। द्रौपदी स्वयम्वरपछि दुर्योधन लगायत सबैलाई पाण्डवहरूको अस्तित्वको बारेमा थाहा भयो। पाण्डवहरूले कौरवहरूबाट आफ्नो राज्य मागे, तर गृहयुद्धको खतराबाट बच्न युधिष्ठिरले कौरवहरूले दिएको आधा राज्य भग्नावशेषको रूपमा खाण्डववन (जंगल) भए नि लिए। अर्जुनले श्रीकृष्णसँगै खाण्डव वन जलाए र आफ्नो बाणहरूको छत्राकारले इन्द्रले गरेको वर्षालाई रोकेर आगो निभाए। त्यहाँ अर्जुन र कृष्णजीले युद्धमा सबै देवताहरूलाई पराजित गरे। फलस्वरूप, अर्जुनले अग्निदवेबाट दिव्य गाण्डिव धनुष र सिद्ध रथ प्राप्त गरे भने कृष्णले सुदर्शन चक्र प्राप्त गरे। उनले युद्धमा कृष्णजस्ता सारथी पाए र आचार्य द्रोणबाट ब्रह्मास्त्र जस्ता दिव्य अस्त्र तथा अविनाशी बाण प्राप्त गरे। छोरा अर्जुनको वीरता देखेर इन्द्र अति प्रसन्न भए। इन्द्रको आदेशमा देवता-शिल्पकार विश्वकर्मा र मय दानव मिलेर खाण्डववनलाई इन्द्रपुरी जस्तो भव्य नगर बनाए, जसको नाम इन्द्रप्रस्थ राखियो।

पाण्डवहरूको विश्व विजय र उनीहरूको वनवास

सबै पाण्डवहरू सबै प्रकारका विद्यामा निपुण थिए। पाण्डवहरूले सबै दिशाहरू जितेर युधिष्ठिरले राज्य गर्न थाले। अब उनले प्रचुर मात्रामा सुनले भरिएको राजसूय यज्ञको अनुष्ठान गरे। उनको महिमा दुर्योधनको लागि असहनीय भयो। त्यसकारण दुर्योधनले आफ्नो भाइ दुशासन र कर्णको आदेशमा शकुनीलाई साथमा लिएर द्युत सभामा जुवा खेलेर युधिष्ठिर, उनका भाइहरू, द्रौपदी र उनको राज्यलाई छलकपटपूर्ण जुवा खेलेर हाँस्दै जिते। दुर्योधनले कुरु राज्यसभामा द्रौपदीको धेरै अपमान गरे, उनलाई

वांकी ५ पेजमा...

# विराटनगरको ऐतिहासिक राधाकृष्ण रथयात्रा भव्यताको साथ सम्पन्न

**श्याम सुन्दर सुतिहार**

विराटनगर । प्रत्येक वर्ष झै यस वर्ष पनि विराटनगरको राधाकृष्ण मन्दिरवाट निकालिने राधाकृष्ण रथयात्रा भव्यताका साथ विहीवार सम्पन्न भएको छ ।

रथयात्रा राधा कृष्ण मन्दिर विराटनगर तीनपैनीको प्रांगणवाट आज करीब ३ बजे निकालिएको थियो । उक्त रथयात्रा तीनपैनी, सेन्ट्रल मल, सत्यनारायण मन्दिर, जलजडा मोड, काली मन्दिर, पंचमुखी हनुमान मन्दिर, ट्राफिक चौक, रोडशेष चौक, महेन्द्र चौक, शनिमन्दिर, विजुली अफिस, बरगाछी हुँदै राधाकृष्ण मन्दिर पुगेका थिए । रथयात्रा नेपार र भारत गरी करीब ५ लाख भन्दा वढी श्रद्धालु भक्त जनहरुले रथयात्रा अवलोकन गरिएको अनुमान गरिएको छ ।


राधा कृष्ण मन्दिर विराटनगर तीनपैनीको प्रांगणवाट निकालिएको रथयात्रा ।

नौ किलोमिटर दूरीमा यात्रा गराइने रथले विभिन्न ४३ स्थानमा विश्राम लिएको थियो । रथ तान्न विभिन्न स्थानबाट आएका भक्तजनको विराटनगरमा घुइँचो लागेको थियो ।

वि.सं. १९८८ सालमा खटयात्राबाट सुरु भएको रथयात्रामा सहभागी हुन यसपटक भारतसहित देशका विभिन्न पालिकाका प्रमुखहरु विराटनगर आएका थिए । रथयात्रामा सहभागी हुन पोखरा, ललितपुर र धनगढीका मेयर समेत विराटनगर आएका थिए ।


विक्रम सम्वत १९८८ देखि शुरु गरिएको प्राचीख खट

राधाकृष्ण रथयात्रा एशियाकै दोस्रो ठूलो रथयात्रा हो । पहलो रथयात्रा भारतको जगरनाथ पुरीमा हुने गर्दछन् । विराटनगरको स्थानीय वासीहरुले वि.स १९८८ सालमा खट यात्राको रुपमा शूरु गरिएको थियो । वि.स. २०२५ साल देखि रथयात्रामा परिणत गरिएको थियो । खट यात्राको ९२ औं संस्करण हो भने रथयात्राको ५५ संस्करण रहेको आयोजकले वताए ।

रथयात्रामा सुरक्षाका लागि पाँच हजार सुरक्षाकर्मी र ५०० स्वयंसेवक परिचालन गरिएको थियो । खटयात्राको संस्करण २०२५ सालदेखि रथयात्राको रुपमा निकाल्न सुरु गरिएको हो ।

विराटनगरको रथयात्रालाई हेरेर अहिले केही वर्ष देखि जहदा गाउँपालिकाको वडा नं. ३ मा रहेको राधाकृष्ण मन्दिरवाट समेत यात्रा निकालिने गरिन्छ । त्यसैगरी सुनसरीको दुहवीमा समेत राधाकृष्णको यात्रा निकालिनुका सुन्दर हरैचा नगरपालिकामा समेत राधाकृष्ण यात्रा निकालिएको थियो ।

रथयात्राको इतिहास

विराटनगरको पोखरिया स्थित श्रीराधाकृष्ण मन्दिर परिसरबाट १९८८ सालदेखि सुरु भएको ऐतिहासिक खटयात्राले स्थानीय भूपालमान सिंह कार्की र सत्यनारायण धनावतसहितका समाजसेवी र धार्मिक व्यक्तिहरूले २०२५ सालबाट रथयात्रामा रूपान्तरण गरेका थिए ।

रथयात्रा सुरु गर्नुअघि भगवान् श्रीराधाकृष्णको मूर्तिलाई खटमा राखी काँधमा बोकेर नगरपरिक्रमा गराउने प्रचलन थियो । खटयात्रालाई रथयात्रामा रूपान्तरण गरिएयता परम्परागत शैलीको आधुनिक रथमा भगवान् श्रीराधाकृष्णको मूर्ति राखेर नगर परिक्रमा गराउने गरिन्छ ।

प्यागोडा शैलीमा निर्माण गरिएको रथको लम्बाई २२ फिट, चौडाइ १४ फिट र उचाइ १८ फिट रहेको छ । रथ तान्नका लागि रथको अग्रभाग जुवाको दुवैतर्फ ७५ फिट लम्बाइको डोरी राखिन्छ । रथयात्राको क्रममा श्रद्धालुहरूको अत्यधिक भीड हुने गरेका कारण त्यसलाई व्यवस्थित गर्न रथको दायाँ भागमा पुरुष र बायाँ भागमा महिलाका लागि रथ तान्ने स्थान निर्धारण गरिएको छ ।

विराटनगरमा निकालिने रथयात्रालाई दक्षिण एसियाकै दोस्रो ऐतिहासिक रथयात्रा मान्ने गरिन्छ । भारतको जगन्नाथ पुरीमा निकालिने रथयात्रा पछिको दोस्रो ठूलो विराटनगरकोलाई मान्ने गरिएको छ । रथयात्राको अवलोकन गर्न नेपालका विभिन्न जिल्ला र छिमेकी मुलुक भारतबाट समेत भक्तजन आउने गरेका छन् ।

५४ औं संस्करणदेखि रथयात्राको दुरी दुई किलोमिटर

वांकी अन्तिम पेजमा...




## अचम्भको संचार

### 'बर्निङ म्यान फेस्टिबल' जहाँ ७० मानिस हिलोमा फसे

अमेरिकाको नेवादामा हालै 'बर्निङ म्यान फेस्टिबल' आयोजना गरियो । उक्त सांस्कृतिक पर्वको खुसीयाली मनाउनका लागि करीब ७० हजार मानिस सहभागी भए । तर ती सबै मानिस मेलास्थलमै हिलोमा फसे ।

नेवादाको दक्षिणी भेगमा अवस्थित मरुभूमि क्षेत्रमा उक्त फेस्टिबलको आयोजना गरिएको गरियो । तर त्यहाँ जे कुराको कल्पनै गरिएको थिएन, त्यही नै हुनपुग्यो ।

उक्त पर्वको दिनमा २४ घण्टाभित्रै त्यहाँ घनघोर पानी पर्यो । दुई/तीन दिनमा पर्ने परिमाणको पानी एक दिनमै परेपछि मरुभूमिको बालुवा दबदबे हिलोमा परिणत भयो । अनि उपस्थित हजारौँ मानिसहरु त्यही हिलोमा फसे । उनीहरु हिलोमा यसरी गाडिए कि त्यहाँबाट हिँडेर अन्त जान पनि सकेनन् ।

रेनोबाट ११० माइल उत्तरमा अवस्थित ब्लाक रक मरुभूमिमा आयोजित उक्त पर्वमा कलाकार, संगीतकार तथा अभियानकर्मीहरुले जंगल क्याम्पिङका साथै विभिन्न खालका प्रस्तुती दिने गर्दछन् । तर विभिन्न सेलिब्रेटी, प्रभावशाली व्यक्ति तथा अर्बपतिहरु समेत सहभागी हुने उक्त पर्वलाई वर्षाले यस्तो गरी बिथोल्यो कि त्यहाँ जडान गरिएका शौचालयहरुले पनि राम्रो ढंगले काम गरिरहेका थिएनन् ।

हिलो आतंकका कारण मानिसहरुबीच त्रास फैलियो । त्यहाँ एकजनाको मृत्यु समेत भएपछि आयोजकहरुले उक्त फेस्टिवल नै बन्द गरिदिए ।

यसअघि सन् २०१८ मा पनि यो फेस्टिबल बिथोलिएको थियो । त्यसबेला धुलोयुक्त आँधीका कारण फेस्टिबल स्थगित गरिएको थियो भने कोरोना महामारीका बेला पनि दुई पटक कार्यक्रम रद्द भएको थियो ।

गत शुक्रबार त्यहाँ परेको १.३ सेन्टिमिटर भन्दा धेरै वर्षाका कारण त्यहाँ गाडी चलाउन पनि असुरक्षित रहेको अमेरिकाको भू-व्यवस्थापन ब्यूरोले जनाएको छ । त्यहाँ थप पानी पर्ने सम्भावना रहेकाले मानिसहरुलाई खाना र पानी बँचाएर राख्न भनिएको छ ।

यस्तो छ बर्निङ म्यान फेस्टिबलको इतिहास

बर्निङ म्यान फेस्टिबल नेवादाको ब्लाक रक सिटीमा आयोजना गरिन्छ । ब्लाक रकलाई संसारकै सबैभन्दा मृत मरुभूमि पनि भनिन्छ । उक्त फेस्टिबलको सुरुवात सन् १९९० को दशकमा भएको थियो । पहिलो पटक फेस्टिबल आयोजना हुँदा केवल ८० जनामात्रै मानिस आएका थिए । सन् १९९३ मा भने सहभागीको संख्या १ हजार नाघेको थियो । जुन संख्या अहिले ७० हजार पुगिसकेको छ ।

अमेरिकामा बिदाका दिनमा गरिने भएकाले पनि यो पर्वमा धेरै मानिस सहभागी हुन्छन् ।

यो पर्वको खास विशेषता के हो भने त्यहाँ मानिसहरु एक हप्तासम्म मोबाइल फोन तथा इन्टरनेट जस्ता चिजहरुबाट टाढा रहेर परम्परागत नाचगानको मज्जा लिन्छन् ।

उक्त पर्वको नाम 'बर्निङ म्यान' (जलेको मान्छे) राखिनुको पनि खास कारण छ । यो नामले धेरै मानिसको ध्यान खिचेको छ । उक्त पर्वको अन्तिम दिन मानिसहरुले आफूले बनाएका सबै कलाकृतिलाई आगोमा जलाउने हुनाले सो पर्वको नाम नै जलेको मान्छे राखिएको हो । आफूले बनाएका चिज जलाउनाले मानिसको आफूभित्र रहेको अहंकार नष्ट हुने विश्वास गरिन्छ ।

उक्त मेलामा सहभागी हुन आएका मानिसहरुलाई सम्पूर्णरुपमा स्वतन्त्रता हुन्छ र उनीहरुमाथि कुनै रोकतोक गरिँदैन । जीवनको वास्तविक स्वतन्त्रताको अनुभूति मानिसहरुले त्यहाँ गर्न पाउँछन् ।

तथापि वातावरणमा नकारात्मक असर पार्ने खालका कुनैपनि चिज त्यहाँ प्रयोग गर्न दिइँदैन । त्यहाँ प्लास्टिकबाट बनेका चिजहरु लैजान बन्देज छ । मानिसहरु केवल साइकल वा पैदल मात्रै घुम्न सक्दछन् ।

-एजेन्सी

**सूचना सूचना सूचना**

*सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।*

**सडक डिभिजन कार्यालय
विराटनगर प्रदेश नं. १**

# नेकपा एमाले संसदीय दलका नेता हिक्मत कार्की दोस्रो पटक कोशीको मुख्यमन्त्रीमा नियुक्त

विराटनगर । नेकपा एमालेका नेता हिक्मतकुमार कार्की कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त भएका छन् ।

कार्की दोस्रोपटक मुख्यमन्त्री नियुक्त भएका हुन् । २०७९ पुस २४ मा पहिलोपटक मुख्यमन्त्री नियुक्त कार्की विश्वासको मत पाउन विफल बनेपछि असार १५ मा पदमुक्त बनेका थिए । सर्वोच्च अदालतले उद्धव थापाले लिएको विश्वासको मत असंवैधानिक ठहर गरेपछि कार्कीले पुन : मुख्यमन्त्री बन्ने अवसर पाएका हुन् ।

शुक्रबार प्रदेश प्रमुख पर्शुराम खापुङले उनलाई संविधानको धारा १६८ को उपधारा ३ अनुसार मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् । कार्कीलाई प्रदेश प्रमुख खापुङले पद तथा गोपनीयताको शपथ पनि दिलाएका छन् ।



एमाले संसदीय दलका नेता हिक्मत कार्की दोस्रो पटक कोशी प्रदेशको मुख्यमन्त्रीको सपथ लिदै ।

सर्वोच्च अदालतले बिहीबार कोशी सरकारका मुख्यमन्त्री उद्धव थापाले भदौ ४ मा लिएको विश्वासको मत बदर गर्दै उनको नियुक्ति पनि बदर गरेको थियो। अदालतले संविधानको धारा १६८ को उपधारा ३ अनुसार प्रदेशसभाको सबैभन्दा ठूलो दलको सरकार ४८ घन्टाभित्र बनाउन परमादेश दिएको थियो । सोही परमादेश अनुसार कार्की नियुक्त भएका हुन् ।

मुख्यमन्त्री कार्कीले तीन जना मन्त्री र एकजना राज्यमन्त्री समेत नियुक्त गरेका छन् । तिलकुमार मेन्याङ्वो ऊर्जा, पाँचकर्ण राई वन तथा वातावरण र एकराज कार्की भौतिक पूर्वाधार मन्त्री नियुक्त भएका छन् । त्यसैगरी सृजना राई सामाजिक विकास राज्यमन्त्री नियुक्त भएकी छन् ।

कसरी भए पुन: काकी मुख्य मन्त्री ?

'परमादेशी गठबन्धन'को आरोप लगाउँदै भाषण गरिरहने कोशी प्रदेश एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्की पुन : अदालतको परमादेशबाटै मुख्यमन्त्री नियुक्त भएका छन् । बहुमत गुमाएर पदमुक्त भएको ७० दिनपछि कार्की मुख्य मन्त्री बनेका हुन् ।

कार्कीको माग बमोजिम नै मुख्यमन्त्री उद्धब थापालाई बर्खास्त गर्दै सर्वोच्च अदालतले ४८ घण्टामा कार्कीलाई मुख्यमन्त्रीमा नियुक्त गर्न परमादेश दिएको थियो ।

सर्वोच्च अदालतका न्यायधीश सपना प्रधान मल्ल, कुमार चुँडाल र नहकुल सुवेदीको पूर्ण इजलासले यस्तो परमादेश दिएको थियो । अब उनै कार्की पुन: कोशी प्रदेशको मुख्यमन्त्रीमा दोस्रो कार्यकालका लागि नियुक्त भएका छन् ।

यसअघि कोशी प्रदेश सरकारको चौथो मुख्यमन्त्रीको रुपमा २०७९ पुस २४ गते नियुक्त भएका मुख्यमन्त्री कार्की १७४ दिनमा सत्ताच्यूत भएका थिए । गत असार १५ गते प्रदेशसभा बैठकमा उनले राखेको विश्वासको मतको प्रस्तावको पक्षमा ४६ मात्रै पुगेको थियो । जसमा एमालेका ४० र राप्रपाका ६ जना सांसदले विश्वासको मतको पक्षमा मतदान गरेपछि उनी पदमुक्त बनेका थिए । पुस २४ गते नियुक्त भएका उनले पुस २५ गते शपथ ग्रहण गरेका थिए ।

अब पनि कार्कीले बहुमत पुर्याउन सकस हुने देखिन्छ । प्रदेशसभा अहिलेसम्म सभामुख बिहीन छ । उपसभामुख एमालेबाटै निर्वाचित सिर्जना दनुवार रहेकी छिन् । त्यो अवस्थामा कार्कीलाई राप्रपाको साथ रहिरहेको अवस्थमा पनि ४५ सांसदको मात्र समर्थन मिल्ने आवस्था छ । केन्द्रमा सत्ता गठबन्धनसँग नजिक हुँदै गएको राप्रपाले पनि एमाले दलका नेता कार्कीलाई सहयोग गर्छ या गर्दैन भन्ने विषय नै अन्यौलमा छ ।

एमालेको कोशी प्रदेशमा हालको सगठबन्धन दल काँग्रेस, माओवादी, नेकपा (एस) र जसपासँग राम्रो सम्बन्ध छैन । यसअघि नै प्रदेशको नाम करणको विषयमा विवादित बनेका कार्कीका लागि पहिचानको पक्ष लिँदै गएका साना दल फकाउन झनै सकस बन्नेछ ।

कोशी प्रदेशसभाले अहिलेसम्म आफ्नै नियमावली बनाउन सकेको छैन । कोशी प्रदेशसभाको संसदीय समिति गठनबारे अझै टुङ्गो लागेको छैन । संसद सञ्चालन नियमावली मस्यौदा समितिले प्रदेशसभामा मस्यौदा बुझाइसकेको छ । प्रदेशसभाको दोस्रो अधिवेशनमा पनि ५ वटा बैठक बसेर बजेट नल्याइ अधिवेशन अन्त्य गरियो । प्रदेशसभामा आफू स्पष्ट अल्पमतमा परेपछि मुख्यमन्त्री कार्कीले प्रदेशसभाको अधिवेशन नै जेठ ३१ गते अन्त्य गरिदिए । जेठको ३२ गते कार्की नेतृत्वको सरकारले आगामी आर्थिक वर्षको बजेट अध्यादेशमार्फत ल्यायो । उक्त अध्यादेशलाई प्रतिस्थापन गर्न नसक्दा भदौ १० गतेदेखि कोशी प्रदेश बजेट बिहीनताको अवस्थामा छ ।

सरकारको सय दिनका उपलब्धि सार्वजनिक गर्ने क्रममा मुख्यमन्त्री कार्कीले 'मेरो प्रयास अब सर्वदलीय सरकार बनाउने हुनेछ, सबै दललाई म आह्वान गर्न चाहन्छु'

वांकी अन्तिम पेजमा...

# ग्रामथानमा शिवलिंग सहित चार मुर्ति अनावरण

विराटनगर । कोशी प्रदेशको मोरङ्ग जिल्लाको ग्रामथान गाउँपालिका वडा नं. १ लखनतरीमा कोशी प्रदेशका प्रदेश सभा सदस्य भीम पराजुलीले शिवलिङ्ग सहित ४ वटा मूर्तिको अनावरण गरको छ ।

लखनतरीमा रहेको रामजानकी मन्दिरको प्राङ्गणमा नवनिर्मित, शिव मन्दिर, हनुमान मन्दिर र गणेश मन्दिरमा मूर्तिहरुलाई विराजमान गराई अनावरण गरेका हुन् । मूर्तिहको अनावरण गर्दै प्रदेश सभा सदस्य पराजुलीले भने अहिले धर्मका नाममा विभिन्न आरजकता भइरहेको छ, सवै नेपालीले आ-आफ्ना धर्म र संस्कृति संरक्षण गर्ने तर्फ केन्द्रि हुन पर्ने भन्दै ग्रामीण क्षेत्रमा एक सय २२ वर्षदेखि रहेको रामजानकी मन्दिरलाई संरक्षण गर्न र धार्मीक स्थल बनाउन सहयोग गर्ने प्रतिवद्धता समेत जनाए ।

रामजानकी मन्दिर समितिले भदौ १४ गतेदेखि मुकुन्द माहाराजाद्वारा अखण्ड होमगरी कृष्ण जन्माष्ठमीको दिन मूर्ति अनावरण गरेको समितिका अध्यक्ष नमोनारायाण माझी वताए । सवैको साथ सहयोगले मन्दिर निर्माणगरी मूर्तिहरुलाई मन्दिरमा विराजमान गराई अनावरण गर्ने प्रेरणा मिलेको वहाँको भनाई छ ।

मन्दिर निर्माणका लागि प्रदेश सरकारबाट ३५ लाख र स्थानीय सरकारबाट १५ लाख स्थानीयहरुको सहयोगबाट ५ लाख गरी जम्मा ५५ लाख लागतमा निर्माण भएको छ । मन्दिरमा विराजमान गरिएको गणेश मूर्ति १५ इनच, हनुमानको मूर्ति ३ फिट ६ इन्च, नन्दीको २ फिट ६ इन्च, शिवलिङ्गको पनि २ फिट ६ इन्च रहेको छ ।









## विश्वप्रसिद्ध...

निर्वस्त्र गर्ने प्रयास गरियो । श्रीकृष्णले उनको लाज बचाए, त्यसपछि द्रौपदीले सबैलाई श्राप दिन लागेकी थिइन् तर गान्धारीले आएर रोकिन् । यसरी जुवामा पराजित गराइएपछि दुर्योधनको शर्तानुसार युधिष्ठिर आफ्ना भाइहरूसँगै वनवास गए । त्यहाँ उनले आफ्नो प्रतिज्ञा अनुसार १२ वर्ष बिताए । उनले पहिलेजस्तै धेरैजसो ब्राह्मणहरूलाई दिनहुँ जंगलमा खुवाउने गर्थे । एक दिन उनले श्रीकृष्णको कृपाले दुर्वासालाई अठासी हजार द्विजसहित तृप्त गरिदिए । त्यहाँ उनीसँगै उनकी पत्नी द्रौपदी र पुजारी धौम्याजी पनि थिए ।

बाह्र वर्ष पूरा गरेपछि उनीहरू विराटनगर गए । त्यहाँ युधिष्ठिर 'कंक' नामक ब्राह्मणको रूपमा बस्न थाले, यो कुरा धेरैलाई अज्ञात नै रह्यो । भीमसेन भान्से बनेका थिए । अर्जुनले आफ्नो नाम बृहन्नला राखेका थिए । पाण्डव पत्नी द्रौपदी रानीवासमा सैरन्ध्रीको रूपमा बस्न थालेकी थिइन् । त्यसैगरी नकुल सहदेवले पनि नाम परिवर्तन गरेका छन् । द्रौपदीको पवित्रता हरण गर्न चाहने किचकलाई भीमसेनले एक राति मारे । समयक्रमसँगै कौरवहरूले विराटका गाईहरू हरण गरेर लैजान थाले, त्यसपछि उनीहरूलाई अर्जुनले पराजित गरिदिए । त्यसबेला कौरवहरूले पाण्डवहरूलाई चिने । श्रीकृष्णकी बहिनी सुभद्राले अर्जुनबाट अभिमन्यु नामको छोरालाई जन्म दिइकी थिइन्, जसलाई राजा विराटले आफ्नी छोरी उत्तरासँग विवाह गराएका थिए ।

शान्ति दूत श्रीकृष्ण, युद्धको शुरुवात तथा कृष्णद्वारा अर्जुनलाई गीताको उपदेश

सात अक्षौहिनी (अत्यन्त विशाल सेना, जसमा १०९३५० पैदल, ६५६१० घोडा, २१८७० रथ र २१८७० हात्ती हुन्थे) सेनाका मालिक भएर धर्मराज युधिष्ठिर कौरवहरूसँग युद्ध गर्न तयार भए । सबैभन्दा पहिले क्रोधित दुर्योधनकहाँ श्रीकृष्ण दूतको रूपमा गए । उनले एघार अक्षौहिनी सेनाका मालिक राजा दुर्योधनलाई भने-'राजन !युधिष्ठिरलाई आधा राज्य दिनुहोस् वा उनीहरूलाई पाँच गाउँ मात्र दिनुहोस् । नत्र उनीहरूसँग युद्ध लड्नुपर्ने हुन्छ ।' श्रीकृष्णको कुरा सुनेर दुर्योधनले भने-'म उसलाई सियोको टुक्रा बराबरको जमिन पनि दिनेछैन । हो, म तिनीहरूसँग अवश्य लड्नेछु ।'

यति भनेर दुर्योधन श्रीकृष्णलाई कैदी बनाउन उद्यत भए । त्यसबेला राजसभामा श्रीकृष्णले दुर्योधनलाई आफ्नो परम दुर्दर्षि विश्वरूप देखाएर भयभित पारे । त्यसपछि विदुरले कृष्णलाई आफ्नो घरमा लगेर आदर-सत्कार गरे । त्यसपछि उनी युधिष्ठिरकहाँ फर्किए र भने-'महाराज ! अब दुर्योधनसँग लड्नै पर्दछ ।'

युधिष्ठिर र दुर्योधनका सेनाहरू कुरुक्षेत्रको मैदानमा उत्रिए । आफ्ना पितामह भीष्म र आचार्य द्रोण, आदि गुरुहरू लगायत धेरै आफन्तजनहरू समेत आफ्नो विपक्षमा देखेर अर्जुनले युद्ध गर्न छोडे, त्यसपछि कृष्णले उनलाई भने- "पार्थ ! भीष्म, आदि गुरुजन शोक गर्न योग्य छैनन् । मानिसको शरीर नाशवान छ, तर आत्मा कहिल्यै नाश हुँदैन । यो आत्मा नै परब्रह्म हो । 'म नै ब्रह्म हुँ'-यसरी तिमीले त्यो आत्मालाई बुझ । कामको सफलता र असफलताबाट समान भावमा रहेर कर्मयोगको आश्रय लिई क्षत्रीय धर्मको पालना गर ।

श्रीकृष्णले यति भनेपछि अर्जुनले रथमा आरोहण गरे र युद्ध गर्न थाले । उनले करतल ध्वनिका साथ शंख बजाए । दुर्योधनको सेनामा पितामह भीष्म पहिलो सेनापति बने । पाण्डवहरूका सेनापति शिखं डीलाई बनाइएको थियो । यी दुईबीच ठूलो युद्ध भयो । त्यस युद्धमा भीष्म लगायत कौरव पक्षका योद्धाहरूले पाण्डव पक्षका सिपाहीहरूमाथि आक्रमण गर्न थाले र शिखंडी, आदि पाण्डव पक्षका वीरहरूले कौरव सिपाहीहरूमाथि बाण प्रहार गर्न थाले ।

कौरव र पाण्डव सेना बीचको त्यो युद्ध देवासुर-संग्राम जस्तो देखिन्थ्यो। आकाशबाट हेरिरहेका देवताहरूलाई त्यो युद्ध निकै रमाइलो प्रतीत भइरहेको थियो । भीष्मले दश दिनसम्म युद्ध गरेर आफ्ना बाणहरूले पाण्डव सेनाका अधिकांशलाई मारिदिए ।

भीष्म पितामह र आचार्य द्रोणको वध


दशौं दिन अर्जुनले परमवीर भीष्ममाथि बाणको वर्षा गरे । यहाँ द्रुपदको प्रेरणाले सिखण्डीबाट भीष्मलाई वर्षाको मेघसमान बाण प्रहार गरियो । हात्ती सवार, घोडा सवार, सारथी र पैदल यात्रु दुवै तर्फबाट एक अर्काका तीरले मारिए । भीष्मको मृत्यु उनको इच्छाको अधीनमा थियो । जब पाण्डवहरूले भीष्मसँग यो युद्ध जित्न नसक्ने कुरा बुझे, तब श्रीकृष्णको सुझावमा उनीहरूले भीष्म पितामहलाई उनको मृत्युको उपाय सोधे । जबसम्म मेरो हातमा हतियार छ, तबसम्म महादेव बाहेक मलाई कसैले हराउन सक्दैन । उनले पाण्डवहरूलाई शिखंडीको अगाडि युद्ध लड्न सुझाव दिएका थिए । उनलाई थाहा थियो कि शिखंडी अघिल्लो जन्ममा अम्बा थिइन्, त्यसैले उनी उनलाई स्त्री नै मान्थे । उनी स्त्रीको सामु हतियार नठाउने वचनबद्ध थिए । युद्धको दशौं दिन अर्जुनले शिखंडीलाई आफ्नो रथको अगाडि बसाएका थिए । शिखंडीलाई अगाडि देखेर भीष्मले धनुष त्यागे । हतियार त्यागेपछि अर्जुनले उनलाई बाणको ओछ्यानमा सुताइदिए । उत्तरायणको पर्खाइमा उनले विष्णुको ध्यान र स्तुति गर्दै समय बिताउन थाले । भीष्म बाणको शैयामा लडेपछि दुर्योधन शोकले व्याकुल भए । त्यसपछि आचार्य द्रोणले सेनाको जिम्मेवारी ग्रहण गरे । अर्कोतर्फ, धृष्टद्युम्न पाण्डवहरूको सेनाको प्रधान सेनापति बने । यमलोकको जनसङ्ख्या बढाउने गरी दुवैको बीचमा भीषण युद्ध भयो । राजा विराट र द्रुपद, आदि द्रोणरूपी सागरमा डुबेका थिए । त्यसबेला द्रोण कालजस्तै लाग्थे । यसैबीच उनको कानमा 'अश्वत्थामा मारिएको' आवाज आयो । अश्वत्थामा उनको छोराको नाम थियो । यो श्रृकृष्णको कुटनीतिक चाल थियो । यो सुनेर आचार्य द्रोणले अस्त्र त्यागे । त्यसैबेला धृष्टद्युम्नको बाणको प्रहारबाट उनी पृथ्वीमा ढले ।

अंगराज कर्ण र मामा शल्य वध

द्रोण अत्यन्तै शक्तिशाली थिए । सबै क्षत्रीयहरूलाई नाश गरेपछि उनको हत्या भयो । दुर्योधन फेरि शोकले बेचैन भए । त्यसपछि कर्ण उसको फौजको सेनापति बने । पाण्डव सेनाको आधिपत्य अर्जुनले प्राप्त गरे । कर्ण र अर्जुनको बीचमा विभिन्न प्रकारका अस्त्र-शस्त्रहरूको भयंकर ठूलो युद्ध भयो, जुन देवासुर-संग्राम भन्दा पनि भयंकर थियो । कर्ण र अर्जुनको युद्धमा कर्णले आफ्ना बाणले शत्रु पक्षका धेरै वीरहरूलाई मारे । यसपछि युद्ध अवरुद्ध हुँदै गयो । त्यसपछि कर्णको रथको एउटा पाङ्ग्रा पृथ्वीमा धसियो । यो सबै कृष्णको चाल थियो । त्यसपछि कर्ण अलमलमा परे । उनले आफूलाई दैवी हतियार (ब्रम्हास्त्र) प्रयोग गर्न असमर्थ भएको पाए । उनलाई उनका गुरु परशुरामले श्राप दिएका थिए, किनभने उनले शिक्षा लिने बेलामा आफूलाई ब्राम्हण भनेर गुरुलाई ठाँटेका थिए । त्यसपछि कर्ण आफ्नो रथको पाङ्ग्रा हटाउन तल ओर्लन्छन् र अर्जुनलाई युद्धको नियम पालना गर्न र केही समयको लागि आफूमाथि तीरहरू चलाउन बन्द गर्न अनुरोध गर्दछन् । त्यसपछि श्रीकृष्णले अर्जुनलाई बताउँछन् कि कर्णलाई अब युद्धको नियम र धर्मको बारेमा कुरा गर्ने अधिकार छैन, जबकि उनले अभिमन्युको वधको समयमा कुनै युद्धको नियम र धर्मको पालना गरेनन् । उनले कुरु राजसभाको अगाडि दिव्यमा जन्मिएकी द्रौपदीलाई वेश्या भन्दा उनको धर्म कहाँ गएको थियो ? जुवा घरमा उनको धर्म कहाँ गएको थियो ? त्यसैले अब उनलाई कुनै धर्म वा युद्ध नियमको बारेमा कुरा गर्ने अधिकार छैन र उनले अर्जुनलाई भने, कर्ण अब असहाय छन् । ब्राह्मणको श्राप लागेको छ । त्यसैले उनलाई मार्ने यही नै उपयुक्त क्षण हो । श्रीकृष्ण भन्छन्, यदि अर्जुनले यो निर्णायक घडीमा कर्णलाई मारेनन् भने, पाण्डवहरूले सायद उसलाई कहिल्यै मार्न सक्ने छैनन् र यो युद्ध कहिल्यै जित्न सक्नेछैनन् । त्यसपछि अर्जुनले एक दिव्य हतियार (ब्रम्हास्त्र) प्रयोग गरेर कर्णको शिर काटिदिए । कर्णको शरीर भुइँमा खसेपछि कर्णको शरीरबाट एक ज्योति निस्केर सूर्यमा विलीन भयो । त्यसपछि राजा शल्य कौरव सेनाका सेनापति भए तर युद्धमा उनी आधा दिन मात्र टिक्न सके । मध्यान्हसम्म राजा युधिष्ठिरले उनलाई मारिदिए ।

दुर्योधनको वध र महाभारत युद्धको समाप्ति

युद्धमा दुर्योधनका लगभग सम्पूर्ण सेना मारिएका थिए । अन्ततः उनको भीमसेनसँग लडाइँ भयो । उनले पाण्डव पक्षका पैदल, आदि धेरै सिपाहीहरूलाई मारेर भीमसेनमाथि आक्रमण गरे । त्यसबेला दुर्योधनका अन्य भाइहरूलाई पनि भीमसेनले गदाले प्रहार गरेर मारेका थिए । महाभारत-युद्धको अठारौं दिन राति पराक्रमी अश्वत्थामाले पाण्डव हरूका सुतेका एक अक्षौहिनी सेनालाई सदाको लागि सुताइदिए । उनले द्रौपदीका पाँच छोरा, उनका पञ्चालदेशीय दाजुभाइ र धृष्टद्युम्नलाई पनि जीवित छोडेनन् । पुत्रहीन भएर द्रौपदी रुन-कराउन थालिन् । त्यसपछि अर्जुनले अश्वत्थामालाई सिंकको हतियारले परास्त गरेर उनको शिरबाट मणि निकाले । उनलाई मार्दै गरेको देखेर देखेर आफैंले सम्झाएर उसको ज्यान बचाइन् । यति भएपछि पनि अश्वत्थामाले उत्तराको गर्भ नष्ट गर्नको लागि हतियार प्रयोग गरे । त्यो गर्भ उनको हतियारले दग्ध भएको थियो; तर श्रीकृष्णले उनलाई फेरि जीवन दिए । उत्तराको त्यही गर्भमा रहेको सन्तान पछि राजा परीक्षितको नामले प्रसिद्ध भए । कृतवर्मा, कृपाचार्य र अश्वत्थामा-यी तीन कौरव पक्षका नायकहरू यो युद्धमा बाँचे । अर्कोतर्फ पाँच पाण्डव, सात्यकी र कृष्ण-यी सात मात्र बाँच्न सके । अरु कोही बाँकी रहेनन् । त्यतिबेला जतातनै अनाथ नारीहरूको रोदन फैलिएको थियो । युधिष्ठिरले आफ्ना दाजुभाइहरूसँगै गएर उनीहरूलाई सान्त्वना दिए र युद्धभूमिमा मारिएका सबै वीरहरूको दाहसंस्कार गरेपछि उनीहरूका लागि श्रद्धाञ्जली दिएर पैसा, आदि दान गरे । त्यसपछि युधिष्ठिर कुरुक्षेत्रको वाणशैयामा बसेका शान्तनुपुत्र भीष्मकहाँ गए र उनीबाट शान्तिदायक समस्त राजधर्म, मोक्षधर्म र दानधर्मकाका कुराहरू सुने । त्यसपछि उनी सिंहासनमा बसे । त्यसपछि शत्रुमर्दन राजाले अश्वमेध यज्ञ गरे र त्यसमा ब्राह्मणहरूलाई धेरै धन दान दिए । युधिष्ठिर राजगद्दीमा बसेपछि धृतराष्ट्र गृहस्थ-आश्रमबाट वानप्रस्थ-आश्रममा प्रवेश गरी वनमा गए । उनीसँग गान्धारी र कुन्तिहरू पनि थिए । विदुरजी जङ्गलको आगोले जलेर स्वर्गतिर लागे । त्यसपछि द्वारकाबाट फर्केका अर्जुनको मुखबाट श्रापका कारण यादवहरूको आपसी युद्धबाट विनाश भएको खबर सुनेपछि युधिष्ठिरले परीक्षितलाई राजाको आसनमा बसाए । र, भाइहरूलाई साथमा लिएर महाप्रस्थान गरी स्वर्ग गए ।




# स्वास्थ्य

## रुघाखोकीको घरेलु उपचार

जाडोयाम सुरु हुनासाथ, मौसममा आएको परिवर्तनका कारण रुघा-खोकीको समस्या देखिन थाल्छ । घाँटी खसखस हुनु, नाक बन्द हुनु, नाकबाट पानी बग्नु, रुघाखोकी आदि यो मौसममा देखिने सामान्य समस्या हुन्छ ।

बूढापाका, बालबालिका र जटिल स्वास्थ्यस्थिति भएका हरूका लागि सामान्य रुघाखोकीले समेत स्वास्थ्य सम्बन्धी जटिलता निम्त्याउन सक्छन्। यस्ता व्यक्तिहरूले सामान्य रुघाखोकी हुँदा पनि चिकित्सकको सल्लाहअनुसार उपचार प्रक्रिया अघि बढाउनु पर्छ ।

तर स्वस्थ व्यक्तिलाई जाडोयाममा सामान्य रुघा खोकी लागे हाम्रा पुर्खाहरूले परापूर्वकालदेखि अपनाउँदै आएका घरेलु उपायबाटै सन्चो हुन सक्छ । जाडोयाममा स्वस्थ व्यक्तिलाई समस्यामा पार्ने रुघाका लागि हाम्रो घरदैलोमै पाइने जडीबुटी आदिको उपयोग गर्दा राम्रो हुन्छ ।

'तुलसीको पात सामान्य रुघाखोकीका लागि सबैभन्दा राम्रो उपचार हो,' डा. ऋषिराम कोइराला भन्छन्, 'यसले भाइरसलाई समेत निष्क्रिय पार्छ ।' तुलसीको पात चपाउनाले वा चियाजस्तो पकाएर खानाले रुघा निको हुन्छ ।

यो मौसममा रुघा प्रभावित ले दिनहुँ दुईतीन पटक र सामान्य व्यक्तिले समेत एक पटक तुलसीपात, बेसार, अदुवालाई चियाजस्तै पकाएर महको साथ सेवन गर्नाले धेरै फाइदा पुग्छ ।

धेरै खोकी भए ज्वानो पकाएर पिउँदा खोकी निको हुनुका साथ खकार आदि समेत शरीरबाहिर निस्किन्छ । ज्वानो र अदुवा हालेर उमालेको पानीको बाफ लिंदा नाक खुल्छ, घाँटीको खसखस दुईतीन दिनमै निको हुन्छन्। यस्तै बेसार, मह, अदुवा चपाइरहँदा पनि फाइदा गर्छ ।

रुघा लाग्दाताका दूधमा बेसार मिलाएर सेवन गर्नाले समेत आराम हुन्छन्। पानको पातमा थोरै मह र अदुवा राखेर दिनमा दुईतीन पटक खाँदा खोकी राम्रो गर्ने डा. कोइराला बताउँछन् । लसुन उमालेको पानी खानाले वा यसको पोटी खाँदा समेत रुघाखोकीमा राहत मिल्छ । रुघाखोकीको प्रत्यक्ष सम्बन्ध हाम्रो रोगप्रतिरोधक क्षमतासँग हुन्छ । आयुर्वेदले रोगप्रतिरोधक क्षमता बढाउन भूमिका खेल्छ ।

कुल्ला गर्ने

नुन हालेको मनतातो पानीले कुल्ला गर्दा रुघा खोकीबाट निकै आराम पाइन्छन्। कुल्ला गर्दा घाँटीको सुन्नाइ कम हुन्छ, दुख्न पनि छोड्छन्। कुल्ला गर्दा मुखभित्रको मांसपेशीको पीडा कम हुन्छन्। यसले प्रभावित क्षेत्रमा ताप बढाएर रक्तसञ्चार बढाउँछ ।

यति मात्र नभई, कुल्ला गर्दा मुखको ब्याक्टेरियासमेत नष्ट हुन्छ । ब्याक्टेरियाले मुखभित्रको प्राकृतिक पीएचको सन्तुलन बिगारेको हुन्छ । नुनपानीले कुल्ला गर्दा मुखको प्राकृतिक पीएचको सन्तुलन सामान्य अवस्थामा फर्किन्छ ।

४ सय व्यक्तिमा गरिएको एउटा अध्ययनले के देखाएको छ भने, जाडो याममा मौसमी रुघाखोकी भए वा नभए पनि नुनपानीले दिनमा तीन पटक कुल्ला गर्दा छातीसम्बन्धी संक्रमणको सम्भावना ४० प्रतिशतसम्म कम हुन्छ ।

यस्तै, चियापत्ती, बेसार, नुन हालेर उमालेको पानीले कुल्ला गर्दा घाँटीलाई धेरै सन्चो हुने डा. कोइराला बताउँछन् । तुलसी प्राकृतिक एन्टिसेप्टिक हो, जसले घाँटीको संक्रमण हटाउन सघाउँछ ।

योग

विज्ञहरूका अनुसार योगका केही आसनसमेत मौसमी रुघाखोकीको उपचारमा सहायक हुन्छ । योगले हाम्रो शरीरलाई स्वस्थ र शक्तिशाली बनाउनुका साथै मनलाई स्थिर र केन्द्रित गर्न सघाउँछ । योगले रोग प्रतिरोधक क्षमता बढाउँछ, साथै बाहिरी किटाणु/ जीवाणुसँग लड्ने क्षमता वृद्धि गर्छ ।

मौसमी रुघाखोकी लागेका बेला नाडी शोधन प्राणायाम, अनुलोम विलोम, कपालभाति, मत्स्यासन, शवासन आदि गर्नु उपयुक्त हुन्छ । तर रुघा खोकीबाट पीडित भएकाहरूले योगविशेषज्ञको सल्लाह लिएर मात्र आफ्ना लागि उपयुक्त आसन छनोट गर्नुपर्छ ।

तुलसीको पात सामान्य रुघाखोकीका लागि सबैभन्दा राम्रो उपचार होन्। यसले भाइरसलाई समेत निष्क्रिय पार्छ ।

खोकी गढेको भए ज्वानो पकाएको पानी खानुपर्छन्।

ज्वानो र अदुवा हालेर उमालेको पानीको बाफ लिंदा नाक खुल्छ ।

पानको पातमा थोरै मह र अदुवा राखेर दिनमा दुई-तीन पटक खाँदा खोकी निको हुन्छ ।

लसुन हालेर उमालेको पानी खाँदा वा यसको पोटी मात्रै खाँदा पनि रुघाखोकीमा आराम हुन्छ ।

नुनपानीले दिनमा तीन पटक कुल्ला गर्दा छातीसम्बन्धी संक्रमणको सम्भावना ४० प्रतिशतसम्म कम हुन्छ ।